नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :-
च. नं. :- १६१

मिति: २०७४।०६।२०

विषय: निर्देशन सम्बन्धमा ।

श्री जिल्ला वन कार्यालय

..................................।

उपरोक्त विषयमा वन पैदावार (काठ/दाउरा) सङ्कलन तथा बिक्री वितरण सम्बन्धमा वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ र वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम तोकिएको समय भित्रै सम्पन्न गरी वन पैदावारको प्रभावकारी सदुपयोगको व्यवस्था मिलाई सोबाट प्राप्त हुने राजश्वलाई अभिबृद्धि गर्नको लागि तपसिल अनुसार गर्नु, गराउनु पर्ने आवश्यक देखिएकोले सोही अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुन निर्देशन गरिएको छ। तोकिएको समय भित्रै कार्य सम्पन्न नगरेको कारणबाट वन पैदावारको हानिनोक्सानी भएमा वा राजश्वमा कमी हुने अवस्था सिर्जना भएमा सम्बन्धित जिल्ला वन अधिकृत जिम्मेवार हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

तपसिल

१) जिल्लाको स्वीकृत वन व्यवस्थापन योजना बमोजिम वन क्षेत्रबाट काठ दाउरा संकलन तथा विक्री वितरण गर्दा वनपैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ को अनुसूची-१०(ख) बमोजिमको समय तालिका अनुसार गर्ने ।

२) जिल्ला वन पैदावार आपुर्ति समिति गठन भएका जिल्लाहरुले आ. व. २०७४/२०७५ को वार्षिक कार्ययोजना प्रथम चौमासिक अवधि भित्रै वन विभागमा स्वीकृतीको लागि पेस गर्ने ।

३) आ. व. २०७३/७४ मा टि.सि.एन/जि.व.पै.आ.स/जि.व.का. बाट कटान गरिएका प्लटहरुबाट प्राप्त काठ/दाउराको घाटगद्दि रजिष्टर सम्बन्धित क्षेत्रिय वन निर्देशनालयबाट प्रमाणित गराई जि. व. का. मा राख्ने र सो को प्रतिलिपि २०७४ साल कार्त्तिक मसान्त भित्र वन विभागमा प्राप्त हुने गरी पठाउने ।

४) जिल्लामा विभिन्न श्रोतहरुबाट आम्दानी भएका काठ दाउराको (जस्तैः मुद्दामा वा वेवारिसी अवस्थामा बरामद, विभिन्न आयोजना कार्यान्वयन गर्दा प्राप्त, गत आ.व.हरुको बाँकी समेत) मौज्दात विवरणको

महानिर्देशक

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग
☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :-
च. नं. :- १६१

अभिलेख, क्षेत्रिय वन निर्देशनालयबाट प्रमाणित गराई जि. व. का. राख्ने व्यवस्था मिलाउने । सो विवरणको एक प्रति अनिवार्यरुपमा वन विभागमा पठाउने ।

५) आ.व. ०७३/०७४ मा लिलाम विक्री भएका काठ/दाउराहरुको बोलपत्रको स्वीकृत मिति र निकाय, काठ/दाउराको परिमाण, लट नं., सकार रकम, रकम दाखिला गरेको मिति, छोडपुर्जि दिएको मिति र परिमाण, रकम दाखिला गर्न बाँकी रहेका लट, रकम दाखिला भै छोडपुर्जि हुन बाँकी रहेको काठ/ दाउराको बिस्तृत विवरण २०७४/०७/०७ भित्र वन विभागमा पठाउने ।

६) चालु आ. व. मा लिलाम बिक्री भएका वा हुने बोलपत्रको स्वीकृत मिति, काठ/दाउराको परिमाण, लट नं., सकार रकम, रकम दाखिला गरेको मिति, छोडपुर्जि दिएको मिति र परिमाण, रकम दाखिला गर्न बाँकी रहेका लट, रकम दाखिला भै छोडपुर्जि हुन बाँकी रहेको काठ/ दाउराको बिस्तृत विवरण चौमासिक रुपमा वन विभागमा पठाउने व्यवस्था मिलाउने ।

७) लिलाम विक्री सम्बन्धि बोलपत्र स्वीकृत भै तोकिएको अवधि भित्र रकम दाखिला नगरेकाहरुको हकमा वनपैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३ मा व्यवस्था भए बमोजिम गर्ने ।

..............................
महानिर्देशक
कृष्ण प्रसाद आचार्य

बोधार्थ:

श्री क्षेत्रिय वन निर्देशनालय, ........................................ । : जानकारीको लागि अनुरोध ।